मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

फोन: ०४८-५४०११२

प.सं. २०७९/८०

## पशु सेवा सम्बन्धी सामग्रीहरु खरिद तथा ट्रेबिज निर्माणको लागि सिलबन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सूचना।

### प्रथम पटक प्रकाशित मिति २०८०/०२/०८

मन्थली नगरपालिकाको आ.व. २०७९/८० को वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिम लाइभस्टक सामग्रीहरु खरिद र ट्रेबिज निर्माण कार्य सिलबन्दी दरभाउ पत्रको माध्यमबाट गर्नु पर्ने भएकोले सम्बन्धित व्यवसायीहरुलाई देहायको समयावधि भित्र निम्न शर्तहरुको अधिनमा रहि यस कार्यालयमा सिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| क्र.सं. | प्याकेज नं. | विवरण | परिमाण |
|---|---|---|---|
| १ | MM/RCH/LIV-GOODS & TRAVIS /SQ/01/079/080 | रेबिज खोप, काउ म्याट, रेफ्रिजेरेटर खरिद | दरभाउ पत्रमा तोकिए बमोजिम |
| २ | MM/RCH/LIV-GOODS & TRAVIS /SQ/01/079/080 | पशु सेवा केन्द्रहरुमा ट्रेबिज निर्माण | दरभाउ पत्रमा तोकिए बमोजिम |

**शर्तहरुः**

१. दरभाउपत्र वापत रु.१,०००।-(अक्षरेपी एक हजार रुपैया मात्र) यस कार्यालयमा दाखिला गरी यो सूचना प्रकाशित मितिले १५ दिन भित्र कार्यालय समयमा खरिद गर्न सकिने र १६ औं दिनको मध्यान्ह १२ बजे सम्म सिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्न सकिने छ।

२. यस कार्यालयमा पेश भएका सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको १६ औं दिनको २ बजे दिउसो सम्बन्धित प्रतिनिधि र सिलबन्दी दरभाउपत्र दाताको रोहवरमा खोलिने छ। सिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. सिलबन्दी दरभाउपत्रमा उल्लेख भए अनुसारको रकम इजाजत प्राप्त वित्तीय संस्था/बैंकले जारी गरेको कम्तिमा ९० दिन म्याद भएको जमानतको सक्कल प्रति वा यस मन्थली नगरपालिकाको नाममा रा.बा. बैंक (राष्ट्रिय बाणिज्य बैंक) मन्थलीमा रहेको धरौटी खाता नं. १६८०१००३०३००००००२ (ग.३) मा जम्मा गरी सोको सक्कल बैंक भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्ने छ।

४. सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने साथै खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पछि कार्यालय खुलेको दिन सोहि समयमा गरिनेछ।

५. सिलबन्दी दरभाउ पत्रमा दररेट, अङ्क वा अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ।अङ्क र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।

६. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस नगरपालिकामा निहित रहने छ।

७. स्वीकृत सिलबन्दी दरभाउपत्र दाताले तोकिएको सामानहरुको स्पेसिफिकेसन (Specification) बमोजिम आपूर्ति गरिएको सामान गुणस्तरयुक्त भए/नभएको सम्बन्धमा यस नगरपालिकाले मान्यता प्राप्त विषयगत विज्ञबाट जाँचबुझ गराएर मात्र स्वीकार गरिनेछ।

८. यस सुचनामा उल्लेख भएका कुराहरु यसै सूचना बमोजिम र अन्यहरुको हकमा सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित)/नियमावली, २०६४ (संशोधन सहित) तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

९. **सिलवन्दी दरभाउपत्रका साथमा पेश गर्नुपर्ने कागजातहरुः** फर्म दर्ता, मू.अ. कर, पान दर्ता, उत्पादक वा अधिकारिक विक्रेताको प्रमाणपत्र, आ.व. २०७८/७९ सम्मको कर चुक्ता प्रमाणपत्र र आ.व. २०७९/८० सम्मको लागि फर्म नविकरण भएको प्रमाणित प्रतिलिपिहरुको साथ पेशागत कसुरमा कुनै सजाय नपाएको स्वघोषणा पत्र।

(यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समय भित्र यस नगरपालिकाको पशु सेवा शाखामा सम्पर्क राख्न सकिनेछ।)

प्रमुख प्रशासकीय अधिकृत

**"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"**

Email: ito.manthalimun@gmail.com, manthalinapa071@gmail.com Website: www.manthalimun.gov.np